कार्यविधि संख्या :

# फक्ताङलुङ गाउँपालिकाको विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७५

गाउँ कार्यपालिकाको बैठकबाट पारित मिति २०७५।०४।३१

फक्ताङलुङ गाउँपालिका

फक्ताङलुङ गाउँ कार्यपालिकाको कार्यालय

तापेथोक, ताप्लेजुङ

प्रदेश नं. १

Scanned by CamScanner

# विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५

फक्ताङलुङ गाउँपालिकाको विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्था गर्न बनेको कार्यविधि

**प्रस्तवना**

फक्ताङलुङ गाउँपालिकाको समग्र आर्थिक, सामाजिक, मानवीय तथा भौतिक संरचनाहरुको क्षति न्यनीकरण, रोकथाम, राहत तथा पुनःस्थापनाका लागि नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २(६) बमोजिम विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ तयार गरी लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :**

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) कार्यविधि भन्नाले विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५ भन्ने बुझ्नुपर्छ ।

ख) कोष भन्नाले विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कोष भन्ने बुझ्नुपर्छ ।

ग) व्यवस्थापन समिति भन्नाले विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन समिति बुझ्नुपर्छ ।

घ) कार्यपालिका भन्नाले फक्ताङलुङ गाउँपालिका गाउँ कार्यपालिकालाई बुझ्नुपर्छ ।

ङ) विपद भन्नाले प्राकृतिक तथा मानवीय विपदलाई सम्झनुपर्छ ।

**३. कोष स्थापना :** विपद व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

Scanned by CamScanner

४. **कोषको कार्यालय :** कोषको सचिवालय गाउँ कार्यापलिकाको कार्यालयमा रहनेछ ।

## परिच्छेद २

## कोषको अवधारणा, लक्ष्य, उद्धेश्य तथा नीति

५. **कोषको अवधारणा :** यस गाउँपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानव सृजित विपद तथा प्रकोपबाट प्रभावित व्यक्ति, परिवार, संघसंस्थाको संख्यामा कमी ल्याउन तथा आम जनमानसमा प्राकृतिक विपद बारे सचेतना अभिवृद्धि गर्दै विपदबाट हताहत हुनेको संख्या न्युनीकरण गर्न, पिडित परिवारको पहिचान गरी राहत सहयोग र पुनस्थापनामा सहयोग पुरयाउनु नै कोषको अवधारणा हुनेछ ।

६. **लक्ष्य :** प्राकृतिक तथा मानव सृजित विपदको प्रकोपमा परेका परिवार संघसंस्थाहरुलाई राहत तथा पुनःस्थापनमा सहयोग पुरयाउने, विपद जोखिम व्यवस्थापन कृयाकलापको पहिचान तथा प्राथमिकीकरण गर्दै विपद व्यवस्थापनको क्षमता अभिवृद्धि गारी मानवीय तथा भौतिक क्षतिमा कमी ल्याउनु यस कोषको लक्ष्य रहेको छ ।

७. **उद्धेश्य :** कोषको उद्धेश्य देहाय बमोजिम हुनेछन् :

क) विपद पिडितको उद्धार तथा पुनस्थापनाका लागि जिल्ला, प्रदेश तथा संघ स्थित सबै कार्यालय संघसंस्थाबीच समन्वय गर्नुका साथै जनसहभागिता जुटाउनु ।

ख) विपदका दृष्टिकोणले गाउँपालिकाको जोखिमपूर्ण क्षेत्रहरुको पहिचान गरी विपद रोकथाम तथा विपद जोखिम व्यवस्थापन का लागि भौतिक तथा चेतनामुलक कार्यक्रम गर्नु ।

ग) विपदबाट हुन सक्ने जोखिमलाई न्युन गर्न नीतिगत तथा संस्थागत सुधार गर्नु ।

घ) विपद पिडितको आधारभुत आवश्यकताको परिपुर्तीका लागि क्षतिपुर्तीको मुल्याङकनका आधारमा तत्काल राहत उपलब्ध गराई सहयोग गर्नु ।

ङ) भवन तथा पुर्वाधार निर्माण कार्य प्रारम्भ गर्दा वातावरणमैत्री तथा भवन निर्माण आचारसंहिता बमोजिम गर्ने ।

च) स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ द्धारा निर्देशित विपद जोखिम व्यवस्थापन योजना तर्जुमा मा जोड दिनु ।

छ) विपदबाट हुन सक्ने मानवीय तथा भौतिक क्षतिको न्यनीकरणका लागि गाउँपालिकाको क्षमता विकास गर्नु ।

ज) विपद व्यवस्थापनको क्षेत्रमा काम गर्ने सबै निकायहरुबीच समन्वय गर्नु ।

Scanned by CamScanner

झ) विपदबाट पिडित व्यक्तिहरुलाई तत्काल उद्धार तथा राहत सहयोगकालागि कोषको व्यवस्था गर्नु ।

ञ) विपद व्यवस्थापन, वातावरण संरक्षण, भवन निर्माण व्यवस्थापन सम्बन्धमा प्रचलित कानुन बमोजिम गर्ने गराउने ।

**८.नीति :** क) विपद पिडितको तत्काल उद्धार गर्ने ।

ख) विपद पिडितलाई पहिचान गरी तत्काल पुनस्थापनाकालागि सहयोग पुरयाउने ।

ग) विपद पिडितहरुलाई सहयोग उपलब्ध गराउनका लागि सम्बन्धित सबै निकायहरुका बीच समन्वय गर्ने ।

घ) स्थानीय तहमा भवन निर्माण आचारसंहिता बमोजिम भौतिक संरचना निर्माण गर्ने गराउने तथा स्थानीय तहमा विपद जोखिम व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयन गर्ने ।

## परिच्छेद : ३

## कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

**९. कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था :** १) कोषका लक्ष्य तथा उद्धेश्यहरु प्राप्तीका लागी देहाय बमोजिमको व्यवस्थापन समिति गठन हुनेछ :

क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

ख) उपाध्यक्ष - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेनाक स्थानीय प्रमुख - सदस्य

ङ) सम्बन्धित गाउँपालिकामा रहेको स्वास्थ्य संस्थाका प्रमुख - सदस्य

च) गाउँपालिका क्षेत्र भित्रका रेडक्रस सोसाइटी शाखा वा उपशाखाहरुले आफहरुमध्येबाट सिफारिस गरी पठाएको एक जना - सदस्य

छ) वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक - सदस्य

ज) योजना, अनुगमन तथा प्रशासन शाखा प्रमुख - सदस्य सचिव

२)व्यवस्थापन समितिको बैठक सामान्यतया वर्षमा २ पटक बस्नेछ ।

३) वैठकको आह्वान समितिको अध्यक्षले गर्नेछ भने सदस्य सचिवले बैठक बोलाउनेछ ।

४) आवश्यकता अनुसार व्यवस्थापन समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

Scanned by CamScanner

५) व्यवस्थापन समितिको सम्पुर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ ।

६) बैठकको निर्णय अध्यक्षद्वारा प्रमाणित गर्नुपर्नेछ ।

**१०) समितिको काम, कर्तव्य तथा अधिकार :** १) विपद व्यवस्थापन कोषको सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछन् :

क) विपद व्यवस्थापनका लागि आर्थिक स्रोत जुटाउनु,

ख) कोषको वार्षिक योजना तर्जुमा गरी गाउँ सभामा पेश गर्ने,

ग) विपद सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गर्नु,

घ) विपदबाट पिडित व्यक्ति, घरपरिवार र संघसंस्थाहरुलाई तत्काल राहत उपलब्ध गराउनु,

ङ) विपदबाट पिडितका लागि पुनस्थापनको व्यवस्थापन गर्ने,

च) वार्षिक योजना तथा कार्यक्रम सञ्चालन गर्दा वातावरणमैत्री बनाउन समन्वयकारी भुमिका निर्वाह गर्नु ।

छ) विकास प्रक्रियमा विपद जोखिम न्युनीकरणलाई मुल प्रवाहीकरण गर्ने,

ज) कोषका कार्यहरुको अनुगमन, सुपरिवेक्षण तथा प्रगति समिक्षा गर्ने,

झ) स्थानीय तहका विपद जोखिम व्यवस्थापन सम्बन्धी योजनाहरुको तर्जुमा र कार्यान्वयन गराउँदै विपद जोखिम व्यवस्थापनलाई संस्थागत गरी विपद उत्थानशील समाजको निर्माण गर्ने ।

**११. अध्यक्षका काम, कर्तव्य तथा अधिकार :** १) अध्यक्षका काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हनेछ :

क) बैठकको अध्यक्षता गर्ने,

ख) बैठक बोलाउन सचिवलाई आदेश दिने,

ग) बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने,

घ) समितिका सदस्यहरुलाई कामको बाँडफाड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने,

ङ) कोषको वित्तिय स्रोत जुटाउने र परिचालन गर्ने गराउने,

च) कोषका निर्णयहरु सार्वजनिक गरी पारदर्शिता कायम गराउने,

छ) कोषका तर्फबाट अन्य निकायहरुमा प्रतिनिधित्व गर्ने गराउने,

Scanned by CamScanner

ञ) कोषका तर्फबाट अन्य निकाय, संघ संस्थाहरुसंग सम्झौता गनुपर्ने भए गर्ने गराउने,

झ) कोषको योजना तर्जुमा तथा सो को स्वीकृती गर्न गराउन आवश्यक कार्वाही गर्ने गराउने,

ञ) कोषको कामको अनुगमन मुल्याङकन गर्ने गराउने ।

**१२. सदस्य सचिवको काम, कर्तव्य तथा अधिकार :** १) सदस्य सचिवका काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हनेछ :

क) अध्यक्षको आदेशमा बैठक बोलाउने,

ख) अध्यक्षसँग सरसल्लाह गरी छलफलका विषयवस्तुहरु तयार गरी निर्णयार्थ बैठकमा पेश गर्ने,

ग) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरु जिम्मा लिने,

घ) कोषसँग सम्बन्धित कागजात, सुचना तथा तथ्याङहरु तथा अभिलेखहरु अध्यावधिक गर्ने,

ङ) कोषका प्रशासनिक तथा अन्य दैनिक कार्यहरु गर्ने,

च) कोषको कार्यक्रम तर्जुमा, स्वीकृती र कार्यान्वयन गर्न आवश्यक कार्वाही चलाउने,

छ) कोषको चल अचल सम्पत्तिहरुको संरक्षण गर्ने गराउने,

ज) अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने ।

**१३. सदस्यको काम, कर्तव्य तथा अधिकार :** १) कोषका प्रत्येक सदस्यका काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हनेछ :

क) बैठकमा उपस्थित भइ छलफलमा सक्रियतापूर्वक भाग लिने,

ख) अध्यक्षको काममा सहयोग पुरयाउने,

ग) तोकिए बमोजिमका जिम्मेवारी वहन गर्ने,

घ) बैठकमा निर्णयमा पुग्नका लागि मतदान गर्नुपर्ने भए मतदान गर्ने,

ङ) अध्यक्षले तोकेका अन्य दायित्व निर्वाह गर्ने,

च) कोषका कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग पुरयाउने ।

## परिच्छेद ५

## आर्थिक तथा प्रशासनिक व्यवस्था

Scanned by CamScanner

**१४. कोषको वित्तिय व्यवस्थापन** : १) कोषमा देहाय बमोजिमका रकमहरु रहने छन् :

क) गाउँ सभाबाट विपद व्यवस्थापनका लागी वार्षिक रुपमा विनियोजित हुने रकम,

ख) अन्य स्थानीय तहबाट प्राप्त हुने रकम,

ग) दातृ निकाय परियोजना, गैर सरकारी निकायबाट प्राप्त हुने रकम,

घ) कोषलाई सेवा शुल्कबाट प्राप्त हुने रकम,

ङ) कोषमा अन्य विभिन्न स्रोतबाट प्राप्त हुने सबै रकम ।

२) कोषको रकम नेपाल राष्ट्र बैंकबाट क वर्गको इजाजत प्राप्त बैंकमा छुट्टै खाता खोलि जम्मा गरिने छ । कोषको सञ्चालन गाउँ पालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

३) कोषको लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

**१५. कोषको आर्थिक व्यवस्था** : कोषको आर्थिक व्यवस्था यस कार्यविधिमा तोकिएबमोजिम र अन्य कुराको हकमा स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

**१६. निषेध गरिएको** : कोषमा जुन प्रयोजनका लागी रकम प्राप्त भएको हो सो प्रयोजन बाहेक अन्य कार्यमा सो रकम खर्च गर्न निषेध गरिएको छ ।

**१७. प्रशासनिक व्यवस्था** : कोषको प्रशासनिक तथा आर्थिक कारोबार गाउँ कार्यपालिकका कर्मचारीहरुबाट सञ्चालन गरिनेछ ।

**१८. बैठक भत्ता** : कोषको व्यवस्थापन समितिको बैठकमा भाग लिने पदाधिकारी सदस्यहरु तथा अन्य आमन्त्रित सदस्यहरुलाई गाउँ कार्यपालिकाको निर्णायनुसार भत्ता उपलब्ध गराइनेछ ।

**१९. कार्यक्रम सञ्चालन सम्बन्धी खर्च व्यवस्था** : १) कोषबाट सञ्चालन हुने कार्यक्रमहरु कोषले आफैं वा अन्य सरकारी । गैर सरकारी निकायसँग मिलेर सञ्चालन गर्न सक्नेछ ।

२) कोषले आफ्नो कार्यक्रम गैर सरकारी संघ, संस्थाहरुको प्राविधिक सहयोगबाट सञ्चालन गराउन सक्नेछ ।

३) गाउँपालिका भित्र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विपद व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु अन्य कुनै निकायद्धारा सञ्चालन गरिन्छ भने उक्त कार्यक्रम सञ्चालनको स्वामित्व गाउँ कार्यपालिकामा रहेको मानिनेछ ।

Scanned by CamScanner

**२०. राहत तथा उद्धार कार्य सञ्चालन सम्बन्धि व्यवस्था** : गाउँपालिकाका कुनै पनि वडामा विपद आइपरेको अवस्थामा देहाय बमोजिमको व्यवस्थापन गरिनेछ :

क) विपद प्रभावित स्थानको पहिचान भई तत्काल उद्धारको व्यवस्था गर्ने,

ख) उद्धार पछि विपद प्रभावित व्यक्ति, परिवार तथा संघ संस्थाहरुको वर्गीकरण गरी वडा कार्यालय मार्फत लगत राख्ने,

ग) वडा समितिको बैठकद्धारा विपद प्रभावितहरुको सर्जिमिन मुचुल्का गराई राहत अनुदानका लागी वातावरण तथा विपद व्यवस्थापन समितिमा सिफारिस गर्ने,

घ) वातावरण तथा विपद व्यवस्थापन समितिबाट विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन समिति समक्ष राहत वितरणका लागि सिफारिस गर्ने,

ङ) यस खण्डमा जे सुकै लेखिएको भएतापनि यस सम्बन्धमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम मानिनेछ ।

**२१. विपद प्रभावितको वर्गीकरण** : गाउँपालिकामा आइपर्ने विपदबाट प्रभावितहरुको वर्गीकरण देहायबमोजिम हुनेछ :

क) **सामान्य प्रभावित** : प्राकृतिक वा मानव सृर्जित विपद जस्तै भुकम्प, पहिरो, आगलागी आदिबाट सामान्य क्षति भएका व्यक्ति, परिवार वा संघसंस्थाहरु ।

ख) **आंशिक प्रभावित** : प्राकृतिक वा मानव सृर्जित विपदबाट प्रभावित भएकाहरु जस्तै घरमा समान्य क्षति भएका तर बस्न लायक, पहिरोले खेतबारी सामान्य क्षति पुरयाएको, आगलागि भइ घर तथा मानव, चौपाया, पशुपंछीमा सामान्य भौतिक क्षति भएका ।

ग) **अति प्रभावित** : प्राकृतिक तथा मानव सृर्जित विपदबाट प्रभावित भई जनधनको क्षति व्यहोरेका परिवारका सदस्यको मृत्यु भएमा, बसोबास गर्ने घर एवं अन्य भौतिक पुर्वाधार नष्ट भएका, अंगभंग भई जिविकोपार्जनका लागि अन्यमाथि आश्रित हुन पुगेका ।

**२२. राहत वितरण व्यवस्थापन सम्बन्धी** :

क) विपद प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा नं. २१ (क) वर्गीकरणमा परेकाहरुलाई पाँच हजार देखि पन्ध्र हजारसम्म उपलब्ध गराउने,

ख) विपद प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा नं. २१ (ख) वर्गीकरणमा परेकाहरुलाई प्रति परिवार पन्ध्र देखि पच्चिस हजारसम्म उपलब्ध गराउने,

ग) विपद प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा नं. २१ (ग) वर्गीकरणमा परेकाहरुलाई देहाय बमोजिम राहत उपलब्ध गराउने,

Scanned by CamScanner

अ) परिवारका सदस्यहरु मृत्यु भएमा प्रति व्यक्ति रु पचास हजार, तर दुई वा सो भन्दा बढी मृत्यु भएमा एक लाखसम्म,

आ) घरबार विहिन भएका परिवारलाई प्रति परिवार रु पच्चिस हजार देखि चालिस हजार सम्म,

इ) अंगभंग भएका परिवारलाई प्रति व्यक्ति रु दश हजार देखि तीस हजारसम्म,

ई) अति प्रभावितहरुमा सिफारिसमा परेका संघसंस्थाहरुको हकमा महिला, बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी काम गर्ने संस्थाहरुलाई मर्मत संभार तर्फ रु पाँच हजार देखि दश हजारसम्म तथा अन्य संस्थाहरुलाई रु पाँच हजारसम्म ।

**२३. वडा स्तरिय विपद प्रभावित पहिचान समिति :** वडा स्तरिय विपद प्रभावित पहिचान समितिमा देहाय बमोजिम हुनेछ :

क) वडा अध्यक्ष - संयोजक

ख) वडा सदस्यहरु - सदस्य

ग) सम्बन्धित वडामा रहेका सुरक्षा निकायका प्रमुख - सदस्य

घ) सम्बन्धित वडामा रहेका नेपाल रेडक्रस सोसाइटीको प्रतिनिधि एक जना - सदस्य

ङ) वडा सचिव - सदस्य सचिव

## परिच्छेद ५

## विविध

**२४. कोषबाट कार्यक्रम सञ्चालन गर्नुपर्ने :** गाउँ कार्यपालिकाको कार्यालय, गाउँपालिका र यस अन्तर्गतका समिति वा उपसमितिबाट विपद सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा यस कोषबाट मात्र सञ्चालन गरिनेछन् ।

**२५. जाँचपास तथा फरफारक :** कोषबाट सञ्चालित कार्यक्रमको जाँचपास तथा फरफारक प्रचलित कानुन बमोजिम गरिनेछ ।

**२६. गाउँपालिका विकास योजनामा समावेश गर्ने :** कोषबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु गाउँपालिकाको विकास योजनामा समावेश गर्नुपर्नेछ ।

Scanned by CamScanner

**२७. कार्यविधिको संसोधन :** यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

**२८. बचाउ र खारेजी :**

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धित प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वत: खारेज भएको मानिनेछ ।

ख) कुनै कारणवश कोष सञ्चालन हुन नसकेमा गाउँकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको चलअचल सम्पत्ति तथा दायित्व गाउँ कार्यपालिकाको कार्यालयमा स्वत: सर्नेछ ।

Scanned by CamScanner